स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चर्चित गायिका एलिना चौहानले एउटी नारी खुसी भएको हेर्न सक्ने समाज अहिलेको आवश्यकता रहेको बताएकी छन् । सामाजिक सञ्जालमा एक पोस्ट गर्दै उनले यस्तो धारणा राखेकी हुन् । उनी लेख्छिन्, 'गलत नबुझ्ने, गलत नलेख्ने र एउटी नारीलाई खुसी भएको हेर्न सक्ने समाज हामी कहिले बनाउने ?' । उनको पोस्टमा थुप्रैले प्रतिक्रिया जनाएका छन् । एलिना पछिल्लो समयकी चर्चित गायिका हुन् ।

**आजको विचार...**



अन्तरिम...
(दुई पेजमा)

मोहना अन्सारी



सलमान खानद्वारा संचालित चर्चित रियालिटी शो 'बिग बोस १९' गीतको प्रयोगलाई लिएर कानूनी झमेलामा परेको छ । यस शोलाई 'चिकनी चमेली' र 'धत तेरे की' जस्ता लोकप्रिय गीतहरू बिना अनुमति प्रयोग गरेको आरोपमा २ करोड भारतीय को क्षतिपूर्ति माग गर्दै मुद्दा दायर गरिएको भारतीय संचारमाध्यम हिन्दुस्तान टाइम्सले जनाएको छ । फोनोग्राफिक पर्फर्मेन्स लिमिटेड (पीपीएल इन्डिया) ले बिग बोस १९ का निर्माताहरूलाई कानूनी सूचना पठाएको छ ।

❐ वर्ष ३१ ❐ अंक ७७ ❐ २०८२ असोज २२ गते बुधबार 08 October 2025, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पन्ध्र हजार हेक्टर जमिन बाँझै

**रासस**

**ढोरपाटन (बागलुङ),** असोज २१/ बागलुङका धेरैसजो ग्रामीण क्षेत्र बसाइँसराइका कारण सुनसान बन्दै गएका छन् । बसाइँसराइले गाउँमात्रै सुनसान भएका छैनन् धान, गहुँ र मकै फल्न खेतीयोग्य जमिन पनि बाँझिने क्रम बढेको छ । कतै सिउँडी पलाएका छन्, त कतै बनमाराले ढाकिएका छन् । घर पनि रुग्ण बनेका छन् ।

काठेखोला गाउँपालिका तथा जैमिनी र गलकोट नगरपालिकामा बसाइँसराइ गरे सहर बजार झर्नेको संख्या अत्यधिक छ । गाउँमा बुढापाका र बालबालिका मात्रै छन् । युवा शक्ति विदेश पलायन भइरहेको छ । यही कारणले बर्सेनी जमिन बाँझोमा परिणत हुँदैछ । यसले उत्पादनमा असर परेको छ । बागलुङमा कूल एक लाख ७८ हजार ४०६ हेक्टर जमिन रहेको छ । त्यसमध्ये ४६ हजार १४८ हेक्टर जमिनमा खेती गर्न सकिन्छ । हाल ३० हजार ५०३ हेक्टर जमिनमा मात्रै



खेती भइरहेको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी सन्तोष अधिकारीले जानकारी दिए ।

कूल जमिनको २५ प्रतिशत मात्रै खेतीयोग्य जमिन रहेकामा अहिले १७ प्रतिशत जमिनमा मात्र खेती हुने गरेको छ । बागलुङमा १५ हजार ६४५ हेक्टर जमिन बाँझो रहेको र आगामी वर्ष अझै घट्ने देखिएको अधिकारीले बताए । "जिल्लामा १४ हजार ६२५ हेक्टर जमिन बाँझो छ, एक हजार २० हेक्टर जमिनमा खती नगरी अन्य प्रयोगका लागि प्रयोग भएको छ", उनले भने । जैमिनी-४ की देवी शर्माले काम गर्ने व्यक्तिको अभावले आफ्नो ८० प्रतिशत बारी झाडीमा परिणत भएको बताए । पहिला २० मुरी धान, २२ मुरी मकै र कोदो उत्पादन गरेको सम्झिँदै उनले भने, "पैसा दिएर पनि खनजोत गर्ने खेताला पाइन छाडे ।" काठेखोला-८ लेखानीका मेघराज कँडेलले पछिल्लो १० वर्षमा गाउँको आधाभन्दा बढी खेतीयोग्य जमिन बाँझो बनेको बताए । गाउँमा बूढाबूढी मात्रै रहेकाले काम गर्न नसक्दा खेतीयोग्य जमिन बाँझो बनेको उनको भनाइ छ ।

## संक्षिप्त समाचार

### आगलागी हुँदा छ को मृत्यु

**(रासस/एएनआई)**

**जयपुर,** असोज २१/जयपुरको सवाई मानसिँह अस्पतालको मेडिकल सुपरिटेन्डेन्टको कार्यालयले ट्रमा एन्ड अर्थोपेडिक इन्स्टिच्युटको न्युरोसर्जरी आइसियुमा आगलागी हुँदा छ जनाको ज्यान गएको जनाइएको छ । एसएमएस अस्पतालको प्रेस विज्ञप्तिका अनुसार आइतबार राति करिब ११:२० बजे ट्रमा एन्ड अर्थोपेडिक इन्स्टिच्युटको न्युरोसर्जरी आइसियु- १ मा बिजुलीको सर्किट सर्ट भएका कारण आगलागी हुँदा सम्पूर्ण आइसियु धुवाँले भरिएको थियो । ट्रमा सेन्टरको न्युरोसर्जरी आइसियु- १ मा ११ जना बिरामीलाई भर्ना गरिएको थियो, जसलाई तुरुन्तै ट्रमा सेन्टरको अन्य आइसियुमा सारिएको थियो भने छ जना बिरामीको मृत्यु भएको हो । अस्पताल प्रशासनका अनुसार आइसियु-१ मा लागेको आगोलाई फायर ब्रिगेड, अस्पताल कर्मचारी, नागरिक सुरक्षा र प्रहरी प्रशासनले तुरुन्तै नियन्त्रण गरी अन्य वार्ड र आइसियुमा फैलिनबाट जोगाएको थियो ।

**जेष्ठ नागरिकको सम्मान गरौं ।**

जेष्ठ नागरिक अनुभव र ज्ञानका भण्डार हुन्
-जेष्ठ नागरिकको भूमिकालाई परिवार र समाजमा महत्व दिऔं,
-निर्णय प्रक्रियामा समावेश गराऔं,
-स्वास्थ्य र सुरक्षा सुनिश्चित गरौं,
-एक्लोपन हटाउन सँगै समय बिताउने गरौं,
-सामाजिक र सांस्कृतिक कार्यक्रममा सहभागी गराऔं,
-आर्थिक रूपमा सहयोग र सुरक्षा उपलब्ध गराऔं,
-अधिकार र स्वाभिमानको रक्षा गरौं,
-सद्भाव र माया बढाई परिवार र समाजको अभिन्न हिस्सा बनाऔं

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## दशैं मेलामा काठेपिङ चढ्नेको घुइँचो

**तम्घास (गुल्मी),** असोज २१/यहाँको कोतघरमा सरायको रौनकसँगै काठेपिङमा रमाउने सर्वसाधारणको घुइँचो लागेको छ । दसैंपछि कोतघरमा लाग्ने मेलामा विगतमा झैं काठेपिङ राखिएका छन् । कात्तिक शुक्लपक्षमा भुइँ छोड्नुपर्छ भन्ने मान्यता गाउँघरमा छ । त्यही मान्यताले पनि यहाँ काठेपिङ खेल्नेको भीड लागेको हो ।

विशेषगरी घुम्ने लकडी राखिएको हुनाले कतिपयले यसलाई लकडी पिङ पनि भन्ने गर्छन् । तर गाउँघरमा प्राय: चर्खेपिङ वा काठेपिङले परिचित छ । मालिका गाउँपालिका-५ छापकी मनिषा महतराले भन्नुभयो, "दसैंमा एकपटक भुइँ छाड्नुपर्छ भन्छन्, त्यसैले म पनि पिङ खेल्नकै लागि यहाँ आएको हुँ । यो हाम्रो परम्परा हो ।" दसैंमा काठेपिङ केबल मनोरञ्जन मात्र नभई आम्दानीको स्रोत पनि बनेको छ । पिङ सञ्चालकले आम्दानी लिँदै आएका छन् । काठेपिङमा एकपटकमा १२ जनासम्म चढ्न मिल्छ । मालिका



गाउँपालिका-७ घमिरका हिराबहादुर कार्कीले यो वर्ष बुल्म, अर्खबाङ्ग अर्जैलगायत स्थानमा पिङ सञ्चालन गरेका हुन् । उनले प्रतिव्यक्ति ५० रुपैयाँका दरले शुल्क लिनिगरेका थिए । सबै खर्च कटाउँदा एक सिजनमा दुई वटा पिङबाट तीन लाखसम्म आम्दानी गरेको उनले बताए । वडाध्यक्षसमेत रहेका कार्कीले व्यावसायिक रुपमै पिङ सञ्चालन गर्दै आएका छन् । सोमबार मात्रै ५०० भन्दा बढीले पिङ चढे । यसक्षेत्रमा दसैंको एकादशीदेखि कोजाग्रत पूर्णिमा अर्थात् पाँच दिनसम्म विभिन्न स्थानमा मेलाकै रुपमा सराय नाच नाचिन्छ । सोही मेलालाई लक्षित गर्दै काठेपिङ सञ्चालन गरिएका हुन् । मालिका गाउँपालिका-६ का पूर्ववडाध्यक्ष शोभाखर गिरीले काठेपिङले गाउँको संस्कृति संरक्षणका साथै गाउँमा आन्तरिक पर्यटकसमेत प्रवर्द्धन भएको बताए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## सामाजिक उत्तरदायित्व र हाम्रा युवा

आजको समयमा समाजलाई सकारात्मक दिशामा अघि बढाउन युवाको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ । देशको जनसंख्याको ठूलो हिस्सा युवा वर्गमा पर्छ, जसले राष्ट्रको भविष्य निर्धारण गर्ने क्षमता राख्छ । तर, यो क्षमता तब मात्र अर्थपूर्ण हुन्छ जब युवाले आफ्नो सामाजिक उत्तरदायित्वलाई गहिरो रूपमा बुझेका हुन्छन् । सामाजिक उत्तरदायित्व भनेको केवल नियमपालन वा कर तिर्नु मात्र होइन, आफ्नो समुदाय, वातावरण, संस्कृति र आगामी पुस्ताप्रति उत्तरदायी हुनु हो । हाम्रा युवाहरूले शिक्षा, सीप र प्राविधिक ज्ञानको उपयोग गर्दै बेरोजगारी, मादक पदार्थ दुरुपयोग, लैंगिक हिंसा र वातावरणीय प्रदूषण जस्ता समस्यालाई सम्बोधन गर्न अग्रसर हुनु जरुरी छ ।

आजको डिजिटल युगमा युवा सामाजिक सञ्जाल र प्रविधिको सजिलो प्रयोगमार्फत जनचेतना फैलाउने, समुदायमा सेवा पुर्‍याउने र नीति-निर्मातामाथि सकारात्मक दबाब सिर्जना गर्ने सामर्थ्य राख्छन् । राजनीतिक र सामाजिक गतिविधिमा समेत युवाको सहभागिता जिम्मेवार र पारदर्शी समाज निर्माणतर्फको महत्वपूर्ण कदम हो । त्यसैले, युवा पुस्ताले समय, सीप र ऊर्जालाई केवल व्यक्तिगत लाभमा नभई सामूहिक हितमा लगाउनुपर्छ । परिवार, विद्यालय र राज्यका तर्फबाट पनि युवा क्षमतालाई सही दिशातर्फ डोर्‍याउने वातावरण सिर्जना गर्नुपर्छ । सामाजिक उत्तरदायित्वमा सचेत र सक्रिय युवा नै प्रगतिशील र न्यायपूर्ण समाज निर्माणका मुख्य आधार हुन् ।

### Opinion @ Social Network

आफ्नो लागि दरिलो खम्बा आफै बन्नु
आफ्नो लागि ताली बजाउन सिक्नु
आफ्नो लागि गर्नु र आफैले नै गर्नु अरुको आश न गर्नु ।

*(रेम बहादुर आलेको फेसबुक स्टाटसबाट www.facebook.com/Ram.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अन्तरिम सरकारले छुटाउन नहुने तीन काम



**मोहना अन्सारी**

*नेपालमा अन्तरिम सरकार नयाँ होइन। २०६३ सालको संक्रमणकालीन अवस्था, सविधानसभा विघटनपछिका चुनाव र सवैधानिक द्विविधाका समयहरूमा पनि यस्ता सरकार देखिएका छन् । इतिहासले देखाएको छ–अन्तरिम सरकार समाधान हुन सक्छ, तर यदि त्यसले सविधानको मर्म तोड्यो भने समस्या नै बन्न सक्छ । स्थायित्वको आधार भनेको लोकतान्त्रिक अभ्यास हो, र त्यसको केन्द्रमा स्वतन्त्र निर्वाचन पर्छ । आगामी निर्वाचन प्रतिनिधिसभाको हो–त्यो संस्था जहाँ जनताबाट निर्वाचित प्रतिनिधिहरूले शासन सञ्चालन गर्छन्। सविधान र शासन प्रणालीमा कुनै नयाँ प्रयोग वा सुधार आवश्यक भएमा, निर्वाचित प्रतिनिधिहरू विधिपूर्वक त्यसको कार्यान्वयन गर्न सक्छन्। तर आज त्यो संस्था रिक्त छ । जेनेरेसन–जेड आन्दोलन र हिंसाको निष्पक्ष अनुसन्धान : भाद्र २३–२४ का घटनाहरूले नेपाली युवा शक्ति र राजनीतिक असन्तोषको अन्तरदृष्टि दिएको छ ।*

भाद्र २३ र २४ का घटनाले नेपाली राजनीतिलाई फेरि एक पटक एनाको अगाडि उभ्याइदिएको छ। भ्रष्टाचार, राजनीतिक उदासीनता र निकम्मापनका विरुद्ध युवाहरूले उठाएको स्वर र त्यसपछि भएको हिंसात्मक घटना- यी दुवैले मुलुकलाई गहिरो आत्ममन्थनको अवस्थामा पुर्‍याएको छ । देशले फेरि सोच्नुपर्ने बेला आएको छ- समस्या नेतृत्वमा हो कि प्रणालीमै ? भाद्र २७ मा गठन भएको अन्तरिम सरकारले मुलुकलाई तीन प्रमुख जिम्मेवारीका साथ नेतृत्व पाएको छ: आगामी २०८२ साल फागुन २१ गतेसम्ममा प्रतिनिधिसभा निर्वाचन सम्पन्न गराउनु । जेनेरेसन-जेड आन्दोलनका क्रममा भएको हिंसा र विध्वंसका घटनाहरूको अनुसन्धान गर्नु । भ्रष्टाचार र अनियमिततासँग सम्बन्धित मुद्दाहरूको अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याउनु । यी तीनवटै दायित्व समान रूपमा महत्त्वपूर्ण छन् । यदि सरकार केवल निर्वाचनमा केन्द्रित रह्यो भने न्याय र पारदर्शिताको आवश्यकता पछाडि पर्न सक्छ, जसले देशको स्थायित्व र लोकतन्त्रप्रतिको विश्वासमा संकट ल्याउन सक्छ ।

**निर्वाचन र लोकतान्त्रिक स्थायित्व**
नेपालमा अन्तरिम सरकार नयाँ होइन। २०६३ सालको संक्रमणकालीन अवस्था, संविधानसभा विघटनपछिका चुनाव र संवैधानिक द्विविधाका समयहरूमा पनि यस्ता सरकार देखिएका छन् । इतिहासले देखाएको छ–अन्तरिम सरकार समाधान हुन सक्छ, तर यदि त्यसले संविधानको मर्म तोड्यो भने समस्या नै बन्न सक्छ ।

स्थायित्वको आधार भनेको लोकतान्त्रिक अभ्यास हो, र त्यसको केन्द्रमा स्वतन्त्र निर्वाचन पर्छ । आगामी निर्वाचन प्रतिनिधिसभाको हो–त्यो संस्था जहाँ जनताबाट निर्वाचित प्रतिनिधिहरूले शासन सञ्चालन गर्छन्। संविधान र शासन प्रणालीमा कुनै नयाँ प्रयोग वा सुधार आवश्यक भएमा, निर्वाचित प्रतिनिधिहरू विधिपूर्वक त्यसको कार्यान्वयन गर्न सक्छन्। तर आज त्यो संस्था रिक्त छ । जेनेरेसन-जेड र परम्परागत राजनीतिक दल दुबैको ध्यान निर्वाचनमा केन्द्रित हुनु अपरिहार्य छ। यसरी निर्वाचनमा ध्यान केन्द्रित हुनु महत्वपूर्ण भए पनि, यसले सरकारका अन्य दायित्वहरू–हिंसा अनुसन्धान र भ्रष्टाचार अनुसन्धान–पछाडि पार्नु हुँदैन ।

**जेनेरेसन-जेड आन्दोलन र हिंसाको निष्पक्ष अनुसन्धान :** भाद्र २३-२४ का घटनाहरूले नेपाली युवा शक्ति र राजनीतिक असन्तोषको अन्तरदृष्टि दिएको छ । यो आन्दोलन केवल विरोधका रूपमा सीमित थिएनह यसले युवाहरूको आकांक्षा, न्यायप्रतिको चाहना र पारदर्शिताप्रतिको मागलाई स्पष्ट रूपमा देखायो। तर हिंसा र विध्वंसले नागरिक सुरक्षा, मानव अधिकार र कानूनको सर्वोच्चताको विषयमा गम्भीर प्रश्न उठाएका छन् । अन्तरिम सरकारको अर्को जिम्मेवारी भनेको यिनै घटनाहरूको निष्पक्ष अनुसन्धान गर्नु हो । दोषीलाई कानुनी दायरामा ल्याउने, पीडितलाई न्याय सुनिश्चित गर्ने र भविष्यमा यस्ता घटना नदोहरिने सुनिश्चित गर्ने यो सरकारको दायित्व हो। यदि हिंसाका घटनाहरूको अनुसन्धान ढिलाइ वा अपूर्ण भयो भने, युवाहरू र जनतामा भरोसा कमजोर हुनेछ र राजनीतिक स्थायित्वमा थप चुनौती उत्पन्न हुनेछ ।

**भ्रष्टाचार अनुसन्धान र पारदर्शिता :** नेपालको समस्या भ्रष्टाचारसँग मात्र सिमित छैन–नेपोटिजम, राजनीतिक दलहरूको अविश्वास, र युवाहरूको निराशा अझ गहिरो छ। अन्तरिम सरकारले यस दायित्वमा सक्रिय भूमिका खेल्नुपर्छ । भ्रष्टाचार अनुसन्धानको उद्देश्य केवल सजाय होइनह यो सरकारी प्रणालीमा पारदर्शिता र विश्वास पुन:स्थापित गर्ने माध्यम हो ।

पछिल्ला वर्षहरूमा सार्वजनिक निकायमा भ्रष्टाचार र अनियमितता व्यापक देखिएको छ। सरकारी खर्च, पूर्वाधार परियोजना, अनुमतिपत्र र सरकारी सेवा वितरणमा अव्यवस्था, जनता र व्यवसायीबीच गम्भीर असन्तोष उत्पन्न गर्दै आएका छन् । अबको समय सरकारको लागि निर्णायक छ–यदि यो न्यायोचित र निष्पक्ष भ्रष्टाचार अनुसन्धानमा सफल भयो भने, यसले भविष्यमा नीति कार्यान्वयन र आर्थिक विकासमा सकारात्मक असर पार्नेछ ।

**युवाशक्ति र राजनीतिक सहभागिता**
नेपालको युवा जनसंख्या अहिले राजनीतिक परिवर्तनको प्रमुख शक्ति बनेको छ । जनगणनाका अनुसार देशको ४२.५ प्रतिशत जनसंख्या युवा छन् । तर उनीहरूको शक्ति विदेशतिर बगिरहेको छ–हजारौं युवा रोजगारी वा उच्च शिक्षाका लागि बाहिरिन्छन् । औपचारिक क्षेत्रमा संलग्न श्रमशक्ति केवल ३६.५ प्रतिशत छ भने ११.४ प्रतिशत बेरोजगार छन् । युवाहरू केवल रोजगारी वा शिक्षाका लागि नभएर आफ्ना अधिकार र भविष्यप्रतिको सुरक्षा खोजिरहेका छन् । उनीहरूले नविनतम सोच र प्रविधिसँग सजिलै एकाकार हुन सक्छन्। सरकारले युवालाई राजनीतिक प्रक्रियामा सक्रिय सहभागी बनाउनुपर्छ, नीति निर्माणमा उनीहरूको सशक्त भूमिका सुनिश्चित गर्नु पर्छ, र भ्रष्टाचारमुक्त वातावरण सिर्जना गर्न कदम चाल्नुपर्छ । बहस र संवाद ढिलाइ गर्नु हानिकारक हुनेछ । युवाहरूको सक्रिय सहभागिता लोकतन्त्रलाई बलियो बनाउँछ। अन्तरिम सरकारले युवा शक्ति र दलगत राजनीति बीचको तालमेल सुनिश्चित गरेर निर्वाचन, न्याय र पारदर्शिता–तीनै उद्देश्यलाई समान महत्व दिनुपर्छ ।

**निर्वाचनको चुनौती**
प्रतिनिधिसभा निर्वाचन नेपालको लोकतान्त्रिक संरचनाको मेरुदण्ड हो । आज यो संस्था रिक्त छ, र यही रिक्तता राजनीतिक स्थायित्वमा ठूलो चुनौती प्रस्तुत गर्दछ । निर्वाचनको वातावरण शान्त, स्वतन्त्र र भयमुक्त हुनुपर्छ । मतदान प्रक्रियाको पारदर्शिता, मतगणना र परिणामको विश्वसनीयता सुनिश्चित गर्नु सरकारको दायित्व हो । साथै, राजनीतिक दलहरूलाई एकीकृत गर्न र निष्पक्ष प्रतिस्पर्धाको वातावरण तयार पार्न कदम चाल्नु जरुरी छ । दलहरूको अविश्वास, संसदीय कमजोर स्थिति, र विगतको असफलता निर्वाचन तयारीमा चुनौती हुन् । यी चुनौतीहरूको समाधान सरकार र दलहरूको साझा जिम्मेवारी हो ।

**तीनवटै दायित्वको समन्वय**
अन्तरिम सरकारले निर्वाचन, हिंसा अनुसन्धान र भ्रष्टाचार अनुसन्धान-तीनवटै दायित्वलाई समन्वय गरेर अघि बढाउनु आवश्यक छ। यदि कुनै एक पक्षमा मात्र ध्यान केन्द्रित गरियो भने, अन्य पक्ष कमजोर हुनेछ र जनताको भरोसा टुट्ने छ । यी दायित्वहरू आपसमा सम्बद्ध छन् निष्पक्ष निर्वाचन जनतामा विश्वास बढाउँछ, भ्रष्टाचार अनुसन्धानले प्रशासनिक विश्वास कायम राख्छ, र हिंसा अनुसन्धानले सामाजिक स्थायित्व सुनिश्चित गर्छ। यसको लागि राजनीतिक कौशल, प्रशासनिक अनुभव र सामाजिक साख भएको नेत्रित्व चाहिन्छ जुन अहिलेको सरकार प्रमुख र मन्त्रीपरिषदमा सम्मिलित व्यक्तित्वहरुमा छ भनेर जनताले ठुलो आशा लियेका छन। । यी दायित्व पूरा गर्दा कसै प्रति प्रतिशोधको भाव न राखी पारदर्शी, निस्पक्ष र कानूनको शासनको पालना गर्नु जरुरी हुन्छ । नेपाल फेरि एक निर्णायक मोडमा उभिएको छ ।

अन्तरिम सरकारले तीनवटै जिम्मेवारी एकसाथ पूरा गर्नु आवश्यक छ- निर्वाचन, हिंसा अनुसन्धान, र भ्रष्टाचार अनुसन्धान। विश्वसनीय निर्वाचन लोकतन्त्रको मेरुदण्ड हो, तर न्याय र पारदर्शितालाई पनि सुनिश्चित गर्नुपर्छ ।

अन्तरिम सरकार समाधानको आशा हो, तर त्यो आशा तबमात्र सार्थक हुन्छ जब सरकार जनताको भरोसा जित्न सफल हुन्छ । राजनीतिक दल, नागरिक समाज र युवा शक्ति सबै मिलेर निर्वाचन, न्याय र पारदर्शिता सुनिश्चित गर्ने जिम्मेवारीमा समर्पित हुनुपर्छ । यही संयोजनले मात्र नेपालको लोकतन्त्रलाई स्थायित्व र दीर्घकालीन विकासको मार्गमा अघि बढाउन सक्छ ।

*-अनलाइन खबर डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आफ्नो बुद्धि र विवेकको प्रयोग गरेर अगाडि बढ्नुहोस् सफलता मिल्नेछ। | **तुला** : व्यवसायमा जीवनसाथिको सहयोग मिल्नेछ। पेशामा प्रभाव बढ्नेछ। |
| **वृष** : धन खर्च हुनेछ। कारोबार विस्तार को लागि दीर्घकालीन योजना बन्नेछ। | **बृश्चिक** : घरपरिवारमा सल्लाह अवश्य लिनुहोस्।आकस्मिक धन खर्चका योग छन्। |
| **मिथुन** : कार्यक्षेत्रमा नसोचेको कार्य बन्नेछ।अधिकारीहरूको साथ पाईनेछ। | **धनु** : धन खर्चका योग छन्। मित्रको सहायता गरेर खुसी मिल्नेछ। |
| **कर्कट** : नयाँ योजनाको सुरुवात गर्न सक्नुहुनेछ। कार्यक्षेत्रमा सहायता मिल्ला। | **मकर** : नोकरी वा पेशामा मनमानी गर्दा अधिकारी वर्गहरूसँग मनमुटाव हुन सक्ला । |
| **सिंह** : नकारात्मक मानसिकताले विपरीत प्रभाव पर्नेछ। धन खर्च गर्नुपर्ला। | **कुम्भ** : घरपरिवारमा धार्मिक वा मांगलिक कार्यले मन प्रसन्न रहनेछ। |
| **कन्या** : असन्तोषको भावना जागृत हुनेछ। थोरै संघर्षले प्रतिफलको प्राप्ति हुनेछ। | **मिन** : व्यवसायमा नयाँ निर्णय लिनुभन्दा अघि महत्वपूर्ण तथ्यको पूरा जानकारी लिनुहोस्। |

## कला मनोरञ्जन

# दशैं प्रदर्शित तीन फिल्म : कसको व्यवसाय कस्तो ?







दसैँका लागि भन्दै फूलपातीदेखि प्रदर्शनमा आएका तीन नेपाली फिल्म 'हरिबहादुरको जुत्ता', 'माइतीघर' र 'बलिदान'ले एक सातासम्म कति आम्दानी गरे भन्ने प्रस्ट हरहिसाब आधिकारिक रूपमा बाहिरिएको छैन । तीन वटै फिल्मका निर्माण पक्ष यतिवेला आ-आफ्नो फिल्मले राम्रो व्यवसाय गरिरहेको दाबी गर्दै आएका छन् । चलचित्र विकास बोर्डले भने पछिल्लो बक्सअफिस रिपोर्ट सार्वजनिक गरेको छैन । फिल्म 'माइतीघर'का निर्माता रोहित अधिकारी आफ्नो फिल्मले राम्रो व्यवसाय गरिरहेको दाबी गर्छन् । फिल्मको व्यवसाय उपत्यकाभन्दा मोफसलमा राम्रो रहेको उनको भनाइ छ । अधिकारीका अनुसार मोफसलमा थुप्रै सहरमा यो फिल्मको व्यवसाय राम्रो देखिएको छ । चितवनदेखि पश्चिमका अधिकांश स्टेशनमा फिल्मको व्यापार र बुकिङ दुवै राम्रो रहेको उनी बताउँछन् । मोफसलमा फिल्मको व्यवसाय राम्रो देखिएपछि नायक धिरज मगर, नायिका उपासना सिंह ठकुरी, कलाकार केदार प्रसाद घिमिरे, बुद्धि तामाङ, प्रकाश सपुत लगायतका कलाकार पश्चिममा दर्शक भेट्न जान लागेको निर्माता अधिकारीले बताए । त्यस्तै, 'हरिबहादुरको जुत्ता'को पनि व्यवसाय दिन प्रतिदिन राम्रो हुँदै गएको निर्माता सरोज वली बताउँछन् । फिल्मले दसैँकै अवसरमा प्रदर्शित अन्य दुई फिल्मको तुलनामा अहिले शो समेत बढी पाएको छ । प्रदर्शन सुरुवातको समय 'बलिदान'ले २४४ र 'माइतीघर'ले १४४ शो पाउँदा 'हरिबहादुरको जुत्ता'ले १३४ शो मात्र पाएको थियो । तर रिलिजको सातौँ दिन आइपुग्दा भने अन्य फिल्मको तुलनामा 'हरिबहादुरको जुत्ता'ले बढी शो पाएको हो । आइतबार हलहरूले 'हरिबहादुरको जुत्ता' लाई ११७ शो दिएका छन् भने 'बलिदान' र 'माइतीघर'ले क्रमशः १०७ र ७७ शो पाएका छन् । निर्माता वली आफ्नो फिल्मले भारतीय फिल्म 'कान्तारा : च्याप्टर १' सँग प्रतिस्पर्धा गरिरहेको दाबी गर्छन् । दिपेन्द्र के खनाल निर्देशित फिल्ममा हरिवंश आचार्य, स्वस्तिमा खड्का, प्रकाश सपुत, प्रियंका कार्की, हरिहर शर्मा, दिव्य देव, किरण केसी, राजाराम पौडेल, दिनेश काफ्ले, सीता न्यौपाने, कमलमणि नेपाल लगायतका कलाकारको अभिनय छ । अर्को फिल्म 'बलिदान'ले पनि राम्रो व्यवसाय गरिरहेको फिल्मका वितरक गोविन्द शाही बताउँछन् । 'फिल्मले अहिलेसम्म कति व्यवसाय गर्‍यो भन्ने हिसाब गर्न बाँकी छ', उनले भने, 'छिटै फिल्मको व्यवसाय सार्वजनिक हुन्छ ।' समीर भट्टका साथै सौगात मल्ल, अर्पण थापा, ऋचा शर्मा, कविता राय, हेमन्त बुढाथोकी, प्रेम पुरी लगायतका कलाकारको अभिनय रहेको फिल्म सन्तोष सेनले निर्देशन गरेका हुन् ।

**के छ बक्स अफिस रेकर्ड ?**

चलचित्र विकास बोर्डले यी तीन फिल्मको पछिल्लो बक्सअफिस रिपोर्ट सार्वजनिक गरेको छैन । प्रदर्शनको सुरुवातको दुई दिन नियमित बक्स अफिस रिपोर्ट सार्वजनिक गरेको बोर्डले त्यसपछिको रिपोर्ट सार्वजनिक गरेको छैन । बोर्डले सार्वजनिक गरेको दुई दिनको रेकर्डमा 'बलिदान'को एक करोड पाँच लाख ६५ हजार व्यापार (ग्रस कलेक्सन), 'हरिबहादुरको जुत्ता'को ५९ लाख ५८ हजारको व्यापार (ग्रस कलेक्सन) र 'माइतीघर'को ३८ लाख ६३ हजारको व्यापार (ग्रस कलेक्सन) गरेको उल्लेख थियो । बोर्डले फिल्मको बक्सअफिस रिपोर्ट जथाभाबी सार्वजनिक गरेको आरोपसहित फिल्म 'माइतीघर'का निर्माता रोहित अधिकारीले बोर्ड अध्यक्ष दिनेश डिसीको राजीनामा माग गरेपछि बोर्डले बक्सअफिस रिपोर्ट सार्वजनिक गर्न बन्द गरेको हो ।

*-रातोपाटी डटकम*

# 'सोल्टिनी'को 'दाजुको साली' गीत सार्वजनिक

भाइटीकाको दिन पारेर आगामी कात्तिक ६ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'सोल्टिनी'को दोस्रो गीत 'दाजुको साली' सार्वजनिक गरिएको छ । दशैंको अवसर पारेर महाअष्टमीका दिन सार्वजनिक यस गीतमा एस.डी. योगीको स्वर रहेको छ । गीतका शब्द अर्जुन सुवेदीले लेखेका हुन् भने हर्कुलस बस्नेतले संगीत भरेका छन् । यसमा उदय राज पौडेलले एरेन्ज रहेको छ । मौसम हिमालीको कोरियोग्राफी रहेको गीतको भिडियोमा फिल्मका मुख्य जोडी प्रकाश सपूत र परीक्षा लिम्बूले आकर्षक नृत्य प्रस्तुत गरेका छन् । विवाहको परिवेशमा तयार पारिएको भिडियोमा फिल्मका कलाकारहरू सुन्दर धिताल, सब्बु गुरुङ र सुजन खतिवडालाई पनि देख्न सकिन्छ । गीतले सोल्टिनीप्रतिको प्रेमलाई मुख्य विषय बनाएको छ । अर्जुन सुवेदीको निर्देशनमा बनेको यो फिल्ममा प्रकाश, परीक्षा, सुन्दर, सब्बु र सुजनसँगै विल्सन विक्रम राई, रवीन्द्र झा, प्रकाश घिमिरे, प्रेम सुब्बा, कविता आले लगायतको पनि अभिनय रहेको छ । फिल्मको कार्यकारी निर्माता



'हर्क साम्पाङ रिभोलुसन एन्ड द टिम' छ, जसको नेतृत्व धरानका मेयर हर्क साम्पाङले गरिरहेका छन् । रेजिना बिस्ट र संसार चौलागाईं निर्माता रहेको फिल्ममा सुशन प्रजापतिको छायांकन, निमेष श्रेष्ठको सम्पादन तथा अर्जुन सुवेदी र कुमार भट्टराईको स्क्रिप्ट लेखन छ । फिल्मका सह-निर्माताहरू रोशन चौलागाईं, वसन्त कटुवाल र सुजन अधिकारी हुन् । फिल्ममा समाजमा व्याप्त अमानवीयता र जातीय भेदभावविरुद्ध आवाज उठाउने सन्देश रहेको बताइएको छ ।

*-फिल्मी खबर डटकम*

# रश्मिका-विजयले गरे इन्गेजमेन्ट



वर्षौंदेखिको डेटिङको अपुष्ट चर्चाबीच दक्षिण भारतीय स्टारहरू रश्मिका मन्दाना र विजय देवरकोन्डाबीच इन्गेजमेन्ट भएको छ । शुक्रबार सामाजिक सञ्जालमा यो जोडीको इन्गेजमेन्टको हल्ला फैलिएपछि विजय निकट स्रोतले हिन्दुस्तान टाइम्सलाई उनको इन्गेजमेन्टको खबर पुष्टि गरेको छ । इन्गेजमेन्टबारे विस्तृत जानकारी बाहिर ल्याइएको छैन । यद्यपि, सन् २०२६ को मे महिनामा विवाह हुने निश्चितजस्तै छ । इन्गेजमेन्टबारे रश्मिका र विजय दुवैजनाले औपचारिक जानकारी भने दिएका छैनन् । रश्मिका र विजयले पहिलो पटक सन् २०१८ को हिट फिल्म 'गीता गोविन्दम' र सन् २०१९ को फिल्म 'डियर कमरेड'मा सँगै काम गरेदेखि नै एकअर्कालाई डेट गरिरहेको हल्ला चलिरहेको छ ।

विजय र रश्मिकालाई प्रायः सँगै समय बिताएको देखिएको छ । अगस्टमा, उनीहरूले न्यूयोर्कमा ४३ औं इन्डिया डे परेडको नेतृत्व गरे । भारत बियोन्ड बोर्डर्स शीर्षकको कार्यक्रममा पनि भाग लिएका थिए । प्रशंसकले यी दुई कलाकारले एउटै स्थानबाट छुट्टीका तस्वीर सेयर गरेको याद गरेका छन् । यसले उनीहरू सम्बन्धमा छन् भन्ने हल्लालाई अझ बल दियो तर यसलाई सार्वजनिक गरेका छैनन् । रश्मिका पछिल्लो पटक 'कुबेरा' फिल्ममा देखिएकी थिइन्, जसमा धनुष र नागार्जुन पनि मुख्य भूमिकामा थिए ।

उनी अर्को पटक म्याडकको हरर-कमेडी ब्रह्माण्ड फिल्म 'थम्मा'मा देखिनेछिन् । विजयलाई हालै फिल्म 'किंगडम'मा देखिएको थियो, जसमा सत्यदेव र भाग्यश्री बोर्से पनि मुख्य भूमिकामा थिए । सितारा इन्टरटेनमेन्ट र फर्च्यून फोर सिनेमाको ब्यानरमा नागा वामसी र साई सौजन्यद्वारा निर्मित, यो गौतम तिन्नानुरीले निर्देशन गरेका थिए ।

*-अनलाइन खबर डटकम*

# 'कल्की -२' बाट निकालिइन् दीपिका

फिल्म कल्की २८९८ एडी बाट दीपिका पादुकोणको बहिर्गमनले फिल्म उद्योगमा हलचल मच्चाएको छ। निर्देशक नाग अश्विनले फिल्मबाट अभिनेत्रीको बहिर्गमनको सही कारण अझै बताएका छैनन् । यद्यपि यसबारे धेरै हल्लाहरू फैलिएका छन् । प्रोडक्सन हाउस वैजयन्ति फिल्म्सले एक्समा एक ट्वीट गर्दै "कल्की २" बाट दीपिकाको अनुपस्थितिको घोषणा गरेको छ। उनीहरूले ट्वीटमा थप लेखेका छन् 'फिल्म प्रतिबद्धता र थप कुराहरूको पनि योग्य छ ।' यो लाइनले सबैको ध्यान तानेको छ । "कल्की २" का निर्माताहरूले दीपिका पादुकोणलाई फिल्मबाट हटाएपछि एउटा नयाँ अपडेट आएको छ। स्रोतहरूलाई उद्धृत गर्दै न्यूज१८ ले दाबी गरेअनुसार दीपिकाले पहिलो भागको छायांकन गर्दा सिक्वेलको लागि २० दिनसम्म छायांकन गरेकी थिइन् । निर्माण नजिकको एक स्रोतले खुलासा गरेअनुसार दीपिका पादुकोणले आफ्नो पारिश्रमिकमा २५ प्रतिशत वृद्धि माग गरेकी थिइन् किनभने उनी विश्वस्त थिइन् कि उनी विकल्पविहीन हुनेछिन् । विशेष गरी पहिलो फिल्ममा उनको कामको प्रशंसा पछि उनको विकल्प खोज्न सकिने छैन भन्ने उनलाई लागेको थियो । स्रोतले भन्यो, "दीपिका पादुकोणले पारिश्रमिक वृद्धिको माग गरिन्। उनले २५% भन्दा धेरै शुल्क वृद्धि मागिन्। उनलाई लाग्यो कि उनलाई फिल्ममा प्रतिस्थापन गर्न सकिँदैन। उनको व्यवस्थापनले वार्ताको जिम्मा लिएपछि नयाँ मोड आयो । दीपिकालाई सिक्वेल र उनको लागि सिर्जना गरिएको बलियो चरित्रको बारेमा पूर्ण रूपमा थाहा थियो । पहिलो भागको छायांकन गर्दा उनले भाग २ को लागि लगभग २० दिन छायांकन गरिन् । यो कुरा निर्देशक नाग अश्विनले धेरै मिडिया



अन्तर्वार्ताहरूमा पुष्टि गरे । अर्को भागको लागि दीपिका पादुकोणको तालिका सधैं आपसी सहमतिमा भएको थियो त्यसैले सुटिङको मिति जुधेको दाबी निराधार छ ।" वैजयन्ति मुभिजले हालै एक्समा एक पोस्ट सेयर गर्दै 'कल्की २८९८ एडी ' को सिक्वेलबाट दीपिकाको बहिर्गमनको पुष्टि गरेको छ। उनीहरूले लेखेका छन्, "आधिकारिक रूपमा घोषणा गरिएको छ कि दीपिका पादुकोण कल्की २८९८ एडी को आगामी सिक्वेलको हिस्सा हुनेछैनन् । सावधानीपूर्वक विचार गरेपछि हामीले अलग हुने निर्णय गरेका छौं । पहिलो फिल्मको लामो यात्राको बावजुद हामीले साझेदारी पाउन सकेनौं । कल्की २८९८ एडी जस्तो फिल्म पूर्ण प्रतिबद्धता र अझ बढीको हकदार छ। हामी उनको भविष्यका परियोजनाहरूको लागि शुभकामना दिन्छौं ।" यो पोस्ट भाइरल भएपछि र इन्टरनेटमा हंगामा मच्चाएपछि दीपिकाले आफ्नो इन्स्टाग्राम ह्यान्डलमा एउटा तस्बिर सेयर गरेकी थिइन् । त्यसमा उनले शाहरुख खानको हात समातिरहेकी थिइन् । यो तस्बिर फिल्म "किंग" को सेटको थियो । दीपिकाले लेखेकी छिन्, "लगभग १८ वर्षअघि ओम शान्ति ओमको छायांकन गर्दा उनले मलाई सिकाएको पहिलो पाठ यो थियो कि फिल्म बनाउने अनुभव र तपाईंले बनाउनुहुने मानिसहरू यसको सफलता भन्दा बढी महत्त्वपूर्ण हुन्छन्। म यससँग पूर्ण रूपमा सहमत छु र त्यसबेलादेखि हरेक निर्णयमा यो पाठ लागू गर्दै आएको छु। सायद त्यसैले हामी हाम्रो छैटौं फिल्म सँगै बनाउँदैछौं ।" यो पोस्टलाई दीपिकाले "कल्की २" का निर्माताहरूलाई दिएको प्रतिक्रिया मानिएको थियो ।

*-डिसी नेपाल डटकम*

# देशका अधिकांश भागमा आंशिक बदली



**काठमाडौं,** असोज २१/मनसुनी वायुको प्रभाव क्रमश कमजोर हुँदै गएको छ । सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशको पश्चिमी भू-भागको धेरै स्थानहरू र गण्डकी प्रदेशको पश्चिमी भू-भागको थोरै स्थानहरूमा पश्चिमी वायुको प्रभाव भने रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाद्वारा जारी मौसम 'बुलेटिन'का अनुसार गण्डकी, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेश लगायत बाँकी पहाडी भू-भागमा साधारणतया बदली रही बाँकी तराई भू-भागमा आंशिक बदली रहने छ । गण्डकी, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशका पहाडी र तराई भू-भाग तथा बाँकी प्रदेशका पहाडी भू-भागका थोरै तथा बाँकी तराई भू-भागका एक-दुई स्थानहरूमा मेघगर्जन/चट्याङ सहित मध्यम वर्षाको सम्भावना रहेको बुलेटिनमा उल्लेख छ । महाशाखाका अनुसार मंगलबार राती कोशी, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेश लगायत बाँकी पहाडी भू-भागमा साधारणतया बदली रही बाँकी तराई भू-भागमा आंशिक बदली रहने छ । लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेश लगायत कोशी प्रदेशका पहाडी भू-भागका थोरै स्थानहरूमा तथा बाँकी तराई भू-भागका एक-दुई स्थानहरूमा मेघगर्जन/चट्याङ सहित मध्यम वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ ।


कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुने गरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक
कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-५, कैलाशनगर पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


खेलकुद समाचार

## नेपालसँग कतार पराजित




**काठमाडौं,** असोज २१/आईसीसी टी-२० विश्वकप एसिया तथा इस्ट एसिया प्यसिफिक छनोटको तयारीमा रहेको नेपालले दोस्रो अभ्यास खेलमा कतारलाई पराजित गरेको छ ।

ओमानको मस्कटमा रहेको ओमान क्रिकेट एकेडेमी ग्राउण्ड टर्फ-२ मा केही बेरअघि सम्पन्न खेलमा नेपालले कतारलाई १६ रनले पराजित गरेको हो । यसअघि भएको पहिलो अभ्यास खेलमा नेपालले ओमानलाई हराएको थियो । नेपालले जितका लागि दिएको १७१ रनको लक्ष्य पछ्याएको कतार निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै १५४ रनमा समेटियो । कतारका मोहम्मद तनबिरले ३७ बलमा तीन चौका र दुई छक्कासहित सर्वाधिक ५१ रन बनाए । त्यस्तै मिर्जा मोहम्मद बेगले २७ बलमा चार छक्कासहित ४० तथा मोहम्मद असिमले ३० रन बनाए । नेपालका लागि करणले केसीले तीन विकेट लिए भने दीपेन्द्रसिंह ऐरी, ललित नारायण राजवंशी र नन्दन यादवले समान एक/एक विकेट लिए । त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको नेपालले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १७० रनको योगफल बनाएको थियो । नेपालका कुशल भुर्तेलले ३३ बलमा पाँच चौका र तीन छक्कासहित सर्वाधिक ५६ रनको योगदान दिए । दीपेन्द्रसिंह ऐरीले २१ बलमा एक चौका र तीन छक्कासहित ३८ रन बनाए भने कुशल मल्ल २९ बलमा एक चौका र दुई छक्कासहित ३८ रनमा अविजित रहे । आरिफ शेखले १३, ओपनर आसिफ शेखले ११ तथा रोहित पौडेलले आठ रन बनाए । कतारका लागि शरिक मुनिर र मोहम्मद इक्रामउल्लाले समान दुई/दुई विकेट लिए ।

### भूत पूर्व सैनिकको पेन्सनपट्टा हराएको सूचना

मिति २०८२/०५/१६ गतेका दिन बुटवलदेखि रामपुरतर्फ आउँदै गर्दा यम कुमार रानाको नाममा रहेको निम्न व्यहोराको पेन्सन पट्टा हराएको र खोजतलास गर्दा समेत नभेटिएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम :** यम कुमार राना
**ठेगाना :** रामपुर न.पा-४ गिजिनडाँडा, पाल्पा
**आर्मि नं. :** 5350516
**युनिट :** ५/४ GR
**सम्पर्क नं. :** 9867095769

अर्थ/कर्पोरेट समाचार

## भारत र बंगलादेशमा १५ अर्ब रूपैयाँको बिजुली निर्यात



**पाल्पा,** असोज २१/नेपाल विद्युत् प्राधिकरणले चालू आर्थिक वर्ष २०८२/८३ को साउनदेखि हालसम्म करिब १५ अर्ब रुपैयाँ बराबरको विद्युत् निर्यात गरेको जनाएको छ ।

देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् दैनिक रुपमा औसतमा एक हजार मेगावाट निर्यात भइरहेको प्राधिकरणका कार्यकारी मनोज सिलवालले बताए । भारतीय ऊर्जा एक्सचेन्ज (आइएक्स)को डेअहेड तथा रियल टाइम मार्केटमा प्रतिश्पर्धी दरमा र द्विपक्षीय मध्यकालीन विद्युत् बिक्री सम्झौता बमोजिम हरियाणा र बिहार राज्यमा बिक्री भइरहेको छ । भारतको प्रसारणलाइनको प्रयोग गरी बंगलादेशमा पनि दैनिक रुपमा ४० मेगावाट विद्युत् निर्यात भइरहेको छ । भारतसँगको विद्युत् व्यापार भारतीय रुपैयाँ (भारु)मा र बंगलादेशसम्म अमेरिकी डलरमा हुने गरेको छ । त्यसैले विद्युत् बिक्रीबाट भारु र डलर आम्दानी भइरहेको छ । प्राधिकरणले भारत र बंगलादेश गरी ११६५ मेगावाट विद्युत् निर्यात स्वीकृति पाएको छ ।


मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई